Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

नेपाल महाभूकम्प २०७२ अपडेट : ११औ दिन
मिति : ०७२ वैशाख २२
अन्तिम अपडेट : २२०० बजे

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ७,६१६
घाइते : १६,३८४

## तथ्य सङ्कलन

वैशाख १२ गते गएको भूकम्पबाट भएको धनजनको क्षतिका विवरणहरू अद्यावधिक भइरहेको छ । अन्य मुलुकका साथै मुलुकभित्रबाट पनि राहतका लागि सहयोग पुग्दै गएको छ । भूकम्प अप्रभावित दुर्गम जिल्लाहरूबाट समेत जनस्तरबाट राहतकोषका लागि सहयोग राशि स्थानीय अधिकारीहरूमार्फत बुझाइएको छ । विभिन्न सङ्घ संस्था र निजी प्रयासका राहत सामग्री पीडितको घरदैलोमा पुऱ्याउने प्रयास भइरहेको छ । अपितु ती अपर्याप्त र ढिला गरी पुगेका छन् । केही जिल्लामा पीडितहरू आक्रोशित भई सरोकारवालामाथि आक्रमण गर्ने, राहत सामग्री खोसेर लैजाने प्रयास जस्ता दुखद घटना पनि भएको पाइएको छ । खाद्य सामग्रीको अभाव भएपछि  नुवाकोट घ्याङफेदीका पीडितहरूले ज्यान जोगाउन मरेका पशु खान थालेपछि नेपाली सेनाले आफ्नो तर्फबाट केही राहत उपलब्ध गराएको छ । यस्ता घटनाले भावी दिन अझ चुनौतीपूर्ण हुने सङ्केत गरेको छ ।

व्यवस्थापकीय कमजोरीका कारण राहत वितरण यथोचित हुन सकेको छैन । कुन ठाउँका कुन वस्तुलाई प्राथमिकता दिने हो, त्यसको टुङ्गो लगाउन अक्षम भएका कारण पनि राहत सेवाप्रदायी हुन सकेको छैन । ओखलढुङ्गाको सदरमुकाममा खाद्यान्न थुप्रिएको छ । तर त्यहाँका पीडितहरू ओत लाग्ने त्रिपाल र चिसोबाट जोगिन कम्बलको माग गरिरहेका छन् ।

विभिन्न मुलुकबाट झण्डै २ लाख टेन्ट र त्रिपाल सरकारले प्राप्त गरेको थियो । जनस्तरमा पनि त्रिपाल र टेन्ट वितरण भइरहे तापनि पीडितलेहरूको हातमा नपुग्नाले व्यवस्थापकीय त्रुटि रहेको पुष्टि हुन्छ । यस्तै, मृतक परिवारले पाउने किरिया खर्च नीतिगत कमजोरी एवम् झन्झटिलो  प्रक्रियाका कारण पीडितले थप हैरानी व्यहोर्नु परेको अवस्था छ । गाविस सचिवहरू राहत कार्यक्रममा बाहिर रहने भएकाले मृत्यु तथा नाता प्रमाणका लागि भौंतारिँनु पर्ने बाध्यताका कारण पीडितहरूले निर्धारित सहयोग उपयोग गर्न पाउन सकिरहेका छैनन् ।

निसन्देह, सरकारी निकाय एक्लैले  यस महाविपत्तिमा सबै काम सम्पादन गरोस् भन्ने चाहना गर्नु नाजायज हुन्छ । सरकारी स्रोत साधनको कमीलाई नागरिक स्तरबाट समाधान गर्न सकिन्छ भन्ने यथार्थलाई सरकारले मनन गर्दै विभिन्न सङ्संस्थासँग सहकार्य गरेर अघि बढ्ने तयारी गर्नु आवश्यक देखिएको छ ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

**उल्लेख्यः**

- रामेछापको तामाकोसी र सुनकोसी नदी किनार र मन्थली नगपालिका- १६ गाईखुराको माझी बस्ती अझै पनि राहत सामग्री पुगेको छैन ।
- गोरखामा मृत्यु भएर शव भेटिएमध्ये ३३ जनाको अझै सनाखत भएको छैन । उद्धार, राहत र पुनस्थापनाका लागि आएका विदेशी, स्वदेशी विभिन्न सङ्घसंस्था, गैरसरकारी सङ्घसंस्था, निजि क्षेत्र, युवा क्लब, आमा समूह र व्यक्तिहरूको कारण सदरमुकाम खचाखच छ ।
- ओखलढुङ्गामा भूकम्प पीडितहरूका लागि विभिन्न सङ्घसंस्थाहरूले उपलब्ध गराएको राहत सामग्री तथा खाद्यान्न सदरमुकाम थन्किएको छ । ओखलढुंगामा १७ हजार ८ सय घरबारविहीन भएका छन् । हालसम्म ५ हजार मात्र पाल वितरण भएको छ ।
- भूकम्प पीडितका लागि भारतको पश्चिम बङ्गाल राज्य सरकारले ३५ ट्रक सहायता सामग्री नेपाल सरकारलाई हस्तान्तरण गरेको छ । त्रिपालसहितका ती सामग्रीका पोका एक लाख पीडितलाई बाँड्न सकिनेछ ।
- सरकारीस्तरबाट सञ्चालित थापाथलीस्थित प्रसुति गृहमा भूकम्प पीडित गर्भवती महिलाहरूको उपचारका लागि ठाउँ अभाव भएको छ । ठाउँ अभावको कारण गर्भवती महिलाहरू अस्पतालको बाहिर क्षेत्रहरूमा नै उपचार गराउन बाध्य भएका छन् ।
- ललितपुर पुल्चोकस्थित राष्ट्रिय मानव अधिकार आयोगको भवनमा पुगेको क्षति अध्ययन गरेका प्राविधिकहरूले वैशाख २२ गते रातो स्टिकर टाँसिदिएका छन् ।
- भूकम्पका कारण सर्वोच्च अदालतको भवन तीन टुक्रा भई क्षतिग्रस्त हुँदा कार्य सम्पादन ठप्प हुन पुगेको छ ।
- काभ्रेमा जिल्ला दैवीप्रकोप व्यवस्थापन समितिले भूकम्पका कारण मृत्यु भएका व्यक्तिको परिवारलाई ४० हजारका दरमा किरिया खर्च वितरण गर्न वैशाख १८ गतेबाट २६ जना जिल्ला शिक्षा कार्यालयका स्रोत व्यक्तिहरूलाई घर घरमा नै पठाएको छ । समयमा राहत नल्याएको भनी सरमथलीका गाविस सचिव विश्वनाथ दाहाल र मेच्छेका गाविस सचिव केशव दाहाललाई वैशाख २० गते स्थानीयले कुटपिट गरेका छन् । यसैगरी चौवासका गाविस सचिव टङ्कप्रसाद कोइरालालाई स्थानीयले कोठाभित्र थुनि दिएपछि प्रहरीले उद्धार गरेको छ । सिपालीचिलाउनेका गाविस सचिव कान्छा लामा र बालुवापाटी देउपुरका मुकुन्दप्रसाद गजुरेललाई गाउँमा नगएको र कम राहत पठाएको आरोपमा हातपात गरिएको छ ।
- नुवाकोटमा जिल्ला दैवी प्रकोप उद्धार समितिले सबै गाविसमा पहिलो चरणको राहत पुऱ्याएको भने पनि ग्रामीण भेगमा राहत पुग्न सकेको छैन । यातायातको सहज सुविधा भएको ककनी गाविसको ८ वडामा अझै राहत पुग्न नसकेको स्थानीयले बताए । जिल्लाको दुर्गम घ्याङफेदीमा खान नपाएर मानिसले भूकम्पले मरेको पशुको मासुखान समेत बाध्य भइरहेको खबर आएपछि नेपाली सेनाले सिधै राजधानीबाट हेलिकप्टरमा राहत सामग्री घ्याङफेदी पुऱ्याएको छ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline